# नेपाल एसबिआई बैंक लिमिटेड
# विशेष साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :–**

नेपाल एसबिआई बैंक लिमिटेडको विशेष साधारणसभा संचालक समितिका अध्यक्ष श्री कृष्ण प्रसाद आचार्यज्यू कामको सिलसिलामा देश वाहिर रहनुभएको कारण कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) बमोजिम संचालकहरुले आफूमध्येबाट छानेको/मनोनित गरेका संचालक श्री केशव राज आचार्यज्यूको अध्यक्षतामा देहायबमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान तथा समय :-**

मिति : वि.सं. २०७४ भाद्र १२ गते (तदनुसार २८ अगष्ट २०१७) सोमवार ।

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

समय : दिनको ११:०० बजे ।

३. **उपस्थिति :–**

**क) संचालकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री केशव राज आचार्य | : | सभाध्यक्ष /संचालक |
| २. | श्री सुजित कमार वर्मा | : | संचालक |
| ३. | श्री भी.के.त्यागी | : | संचालक |
| ४. | श्री निरञ्जन कुमार टिवरेवाला | : | संचालक |
| ५. | श्री ध्रुब भट्टराई | : | बैकल्पिक संचालक |
| ६. | श्री अनुकूल भटनागर | : | प्रबन्धसंचालक |

**ख) पर्यवेक्षकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री राजन कुमार बस्नेत | : | पर्यवेक्षक, कम्पनी रजिष्ट्रारको कार्यालय |



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

ग) व्यवस्थापन पदाधिकारीको उपस्थिति :

| | | | |
|---|---|---|---|
| १. | श्री शुभकान्त कानुनगो | : | नायब सिइओ/प्रमुख संचालन अधिकृत |
| २. | श्री प्रिय रञ्जन | : | प्रमुख वित्तीय अधिकृत |
| ३. | श्री छपि राज पन्त | : | प्रमुख जोखिम अधिकृत |
| ४. | श्री देवराज अधिकारी | : | प्रमुख कर्जा अधिकृत (कार्यबाहक) |
| ५. | श्री रमेश घिमिरे | : | कम्पनी सचिव |
| ६. | श्री लेखनाथ पोखरेल | : | प्रमुख-लेखा परीक्षण विभाग |
| ७. | श्री सन्तोष भण्डारी | : | प्रमुख- वित्त तथा योजना विभाग |

घ) आमन्त्रितको उपस्थिति :

| | | | |
|---|---|---|---|
| १. | श्री पूर्णमान शाक्य | : | कानूनी सल्लाहकार |
| २. | श्री एल. पि. लुइटेल | : | बाह्य लेखापरीक्षक - प्रतिनिधि पि.एल.श्रेष्ठ एण्ड कं, चार्टर्ड एकाउण्टेन्टस् |

ङ) शेयरधनीको उपस्थिति :

| | | |
|---|---|---|
| स्वयं उपस्थित | : | ४३८ जना । |
| प्रतिनिधि मार्फत उपस्थित | : | ३७ जना । |

४. <u>सभामा प्रस्तुत छलफलका विषयहरू</u> :–

क) <u>विशेष प्रस्ताव</u> :

१. संचालक समितिको गठन तथा समितिमा शेयरधनीहरूको समुहगत प्रतिनिधत्वमा परिवर्तन गरी संस्थापक शेयरधनी समुहलाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट ४ जना र सर्वसाधारण शेयरधनी समुहलाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट १ जना र स्वतन्त्र संचालक १ जना गरी संचालक समितिमा ६ जना सदस्यहरु रहने व्यवस्था कायम गर्न बैंकको नियमावलीको नियम ८ को उपनियम (१) र (२), नियम १६ र नियम १७ मा देहाय बमोजिम संशोधन गर्ने :



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

| हालको व्यवस्था | | प्रस्तावित संशोधन | | संशोधन को कारण |
|---|---|---|---|---|
| नि | | नियम | | |
| ८(१) | संस्थापक समुह तथा सर्वसाधारण शेयरधनी समुह प्रत्येकले धारण गरेको शेयरको अनूपातमा संचालकहरू क्रमश: नियूक्त तथा निर्वाचित हूनेछन् । तर, व्यावसायिक विशेषज्ञ संचालकको नियूक्ति यस निमावलीको नियम १६ मा उल्लिखित व्यवस्थाको अधीनमा रही संचालकसमितिबाट हूनेछ । | ८(१) | संस्थापक समुह तथा सर्वसाधारण शेयरधनी समुह प्रत्येकले धारण गरेको शेयरको अनूपातमा संचालकहरू क्रमश: नियूक्त तथा निर्वाचित हूनेछन् । तर, स्वतन्त्र संचालकको नियूक्ति यस निमावलीको नियम १७ मा उल्लिखित व्यवस्थाको अधीनमा रही संचालकसमितिबाट हूनेछ । | नेपाल राष्ट्र बैंकको निर्देशनको पालना गर्न |
| ८(२) | संचालकसमितिमा ८ जना सदस्यहरू रहनेछन् र संचालकसमितिको गठन तथा समितिमा शेयरधनीहरूको समुहगत प्रतिनिधत्व देहायबमोजिम हूनेछ:<br>(क)संस्थापक शेयरधनी समुह ( समुह "क") लाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट मनोनीत सदस्यहरू - ५<br>अ) एस.बि.आई. - ४<br>आ) कर्मचारी संचय कोष - १<br>(ख) सर्वसाधारण शेयरधनी समुह (समुह "ख") लाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट निर्वाचित - २<br>(ग) यस नियमावलीको नियम १६ बमोजिम संचालकसमितिले नियुक्त गर्ने व्यावसायिक विशेषज्ञ संचालक - १ | ८(२) | संचालकसमितिमा ६ जना सदस्यहरू रहनेछन् र संचालकसमितिको गठन तथा समितिमा शेयरधनीहरूको समुहगत प्रतिनिधत्व देहायबमोजिम हूनेछ:<br>(क) संस्थापक शेयरधनी समुह (समुह "क") लाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट मनोनीत सदस्यहरू - ४<br>अ) एस.बि.आई. - ३<br>आ) कर्मचारी संचय कोष- १<br>(ख) सर्वसाधारण शेयरधनी समुह (समुह "ख") लाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट निर्वाचित - १<br>(ग)यस नियमावलीको नियम १७ बमोजिम संचालकसमितिले नियुक्त गर्ने स्वतन्त्र संचालक - १ | |



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.